राष्ट्रिय दैनिक

# समाचार दैनिक


जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३०७ २०८३ जेठ २१ गते बिहिवार (4 June 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## मोदीसँग रवि लामिछानेको भेट



दैनिक समाचारदाता

काठमाडौं, २० जेठ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले भारत भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गरेका छन्।

नयाँदिल्लीमा भएको भेटमा नेपाल-भारत सम्बन्ध, आपसी हित तथा साझा समृद्धिसम्बन्धी विविध विषयमा छलफल भएको बताइएको छ। भेटपछि प्रधानमन्त्री मोदीले नेपाललाई भारतको 'नेबरहुड फर्स्ट' नीतिअन्तर्गत प्राथमिक साझेदारका रूपमा लिइएको उल्लेख गर्दै दुवै देशबीचको विशेष सम्बन्धलाई थप उचाइमा पुऱ्याउन भारत प्रतिबद्ध रहेको बताएका छन्।

सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै मोदीले लामिछानेसँगको भेटले आफूलाई खुसी तुल्याएको उल्लेख गरेका छन्। उनले साझा समृद्धि र उज्ज्वल भविष्यका लागि नजिकबाट सहकार्य गर्ने लामिछानेको इच्छाको स्वागत गर्दै त्यसप्रति पूर्ण समर्थन जनाएका छन्।

भारत भ्रमणका क्रममा सभापति लामिछानेले भारतीय विदेशमन्त्री एस. जयशंकर, गृहमन्त्री अमित शाह तथा सत्तारुढ भारतीय जनता पार्टी का अध्यक्ष नितिन नवीन सँग पनि भेटघाट गरेका थिए।

*बाँकी पृष्ठ ३मा*

# इनारभित्र युवकको मृत्यु, दुई पक्राउ



दैनिक समाचारदाता

महोत्तरी, २० जेठ । महोत्तरी प्रहरीले कर्तव्य ज्यानसम्बन्धी कसुरमा संलग्न रहेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार गौशाला नगरपालिका-१२ पडरियामा कृषि सिँचाइका लागि इनार (कुवा) खन्ने क्रममा ३६ फिट गहिराइमा काठको ठुटो फेला परेको थियो।

उक्त ठुटो काट्ने क्रममा सर्लाहीको ईश्वरपुर नगरपालिका-१३ श्रीनगर निवासी १९ वर्षीय बसन्तकुमार महतोको मृत्यु भएको थियो।

प्रहरीका अनुसार गत शनिबार अपराह्न महतोले पेट्रोल चेनस प्रयोग गरी इनारभित्र रहेको काठ काट्ने क्रममा मेसिनबाट निस्किएको धुवाँका कारण बेहोस भएका थिए। उनलाई तत्काल उपचारका लागि सर्लाहीस्थित ईश्वरपुर नगर अस्पताल, बयलवास लगिए पनि चिकित्सकले मृत घोषणा गरेका थिए।

स्थानीयवासीका अनुसार गौशाला नगरपालिकाको बजेटमा वडा स्तरीय ठेक्का प्रक्रियामार्फत निर्माणाधीन इनारमा काठको ठुटो फेला परेपछि त्यसलाई काट्न महतोलाई लगाइएको थियो। मृतकका बुवा चन्द्रप्रकाश महतोले ठेकेदार तथा अन्य व्यक्तिहरूले छोरालाई करकाप गरी गहिरो इनारभित्र पस्न बाध्य बनाएको र त्यसकै कारण मृत्यु भएको आरोप लगाउँदै पाँच जनाविरुद्ध जाहेरी दिएका थिए। उक्त जाहेरीका आधारमा प्रहरीले कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएको थियो। अनुसन्धानका क्रममा घटनामा संलग्न रहेको आरोपमा सर्लाहीको ईश्वरपुर नगरपालिका-१३ का ३५ वर्षीय सोनुलाल चौधरी र ३१ वर्षीय सतेन्द्रप्रसाद महतोलाई घटनास्थलबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले जानकारी दिए।

पक्राउ परेका दुवै जनाविरुद्ध महोत्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। घटनाबारे विस्तृत अनुसन्धान जारी रहेको प्रहरीको भनाइ छ।

# राष्ट्रिय दलित पत्रकार संघको नेतृत्वमा गोपाल बराइली

दैनिक समाचारदाता

जनकपुरधाम, जेठ २० । राष्ट्रिय दलित पत्रकार संघ नेपालको दोस्रो राष्ट्रिय महाधिवेशनबाट गोपाल बराइली अध्यक्षमा निर्वाचित भएका छन्।

महाधिवेशनले बराइलीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो। नवनिर्वाचित कार्यसमितिमा लक्ष्मण दर्नाल वरिष्ठ उपाध्यक्ष तथा सावित्री रसाइली, मानसिंह बिक, सुशील दर्नाल, नरभूपाल बिक, विनोद परियार, भोला पासवान, टेकेन्द्र विश्वकर्मा, प्रेमबहादुर बिक, भीमबहादुर बिक र सरिता बराइली उपाध्यक्षमा निर्वाचित भएका छन्।

त्यसैगरी करण ताम्राकार महासचिव, राजेश कुमार पासवान, बसन्त विश्वकर्मा, चिन्ता परियार र बसन्त बिश्वकर्मा सचिव तथा सञ्जय सौगात कोषाध्यक्षमा निर्वाचित भएका छन्।

नवनिर्वाचित सदस्यहरूमा हिरा परियार, कर्णबहादुर बिक, गणेश बिक, कुशल दलामी, अमिर



रामदाम, मनिष बिक, अम्बिका परियार, अर्चना परियार, सुवास राम, मिना विश्वकर्मा, राजेश सुनाम, प्रकाश परियार, सञ्जु देवी परियार र पीबी दियाली रहेका छन्।

महाधिवेशनबाट निर्वाचित सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूलाई विभिन्न संघसंस्था, पत्रकार तथा सामाजिक अभियन्ताहरूले बधाई तथा सफल कार्यकालको शुभकामना दिएका छन्। दलित समुदायका पत्रकारहरूको हक, अधिकार, क्षमता अभिवृद्धि तथा सञ्चार क्षेत्रमा समावेशी सहभागिता सुनिश्चित गर्ने उद्देश्यले स्थापित संघको नयाँ नेतृत्वले दलित पत्रकारिताको सशक्तीकरणमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

संघको दोस्रो राष्ट्रिय महाधिवेशनको उद्घाटन जेठ १८ गते पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी ले गरेकी थिइन्।

महाधिवेशन उद्घाटन समारोहमा पत्रकारिता, सामाजिक न्याय, समावेशिता, साहित्य तथा समाज रूपान्तरणका क्षेत्रमा योगदान पुऱ्याएका जनक सापकोटा, सिकेन्द्र पासवान, दिप्ती विश्वकर्मा, उत्सव रसाइली, विष्णु निष्ठुरी, पीबी दियाली, कर्ण बिक, विनोद परियार, रामप्रसाद आचार्य, कमला हेम्च्युरी, मोदनाथ प्रश्रित, ज्ञानेन्द्र महत, सुशीला श्रेष्ठ, चिन्ता परियार लगायत व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो। सम्मानित व्यक्तित्वहरूको योगदानको उच्च मूल्याङ्कन गर्दै आयोजकले उक्त सम्मानले आगामी दिनमा अझ बढी उत्साह, ऊर्जा र जिम्मेवारीका साथ समाज र राष्ट्रको सेवामा समर्पित हुन प्रेरणा मिल्ने विश्वास व्यक्त गरेको छ। साथै, उनीहरूको निरन्तर सक्रियता र योगदानले दलित पत्रकारिता आन्दोलन, सामाजिक न्याय तथा समतामूलक समाज निर्माणको अभियानलाई थप सशक्त बनाउने अपेक्षा गरिएको छ।


## वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं ।

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमति प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरौं,
- अनुमति प्राप्त संस्था मार्फत जाँदा वेबसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता लगायतका छनौट प्रक्रियाबाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैंकिङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पूर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरूको पालना गरी
- स्वदेशमा पैसा पठाउँदा बैंकिङ माध्यमको प्रयोग गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**अब अनलाइनबाट बुकिङ्को सुविधा**

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

**दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर**

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# स्वदेशी आँप संरक्षणको अवसर

नेपाल सरकारले भारतीय आँप आयातमा लगाएको प्रतिबन्ध केवल व्यापारिक निर्णय मात्र होइन, यो उपभोक्ताको स्वास्थ्य सुरक्षा, कृषि उत्पादनको संरक्षण तथा स्वदेशी किसानको हितसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले भारतीय आँपमा रोग-कीरा तथा स्वास्थ्यका लागि हानिकारक रासायनिक पदार्थको प्रयोग भेटिएपछि आयात रोक्ने निर्णय गरेको छ। यो कदम समयसापेक्ष र आवश्यक देखिन्छ।

नेपाल कृषि प्रधान देश भए पनि वर्षौंसम्म विदेशी फलफूल र तरकारीमा निर्भर रहँदै आएको छ। तर पछिल्ला वर्षहरूमा आँप उत्पादनमा उल्लेखनीय वृद्धि भएको छ। विशेषगरी मधेश प्रदेशमा ठूलो परिमाणमा आँप उत्पादन हुन थालेपछि किसानहरूमा उत्साह बढेको छ। यस वर्ष मात्र मधेश प्रदेशका आठ जिल्लामा करिब ३० हजार ८ सय हेक्टर क्षेत्रफलमा आँप खेती गरिएको छ भने चार लाख मेट्रिक टनभन्दा बढी उत्पादन हुने अनुमान गरिएको छ। यस्तो अवस्थामा स्वदेशी उत्पादनलाई प्राथमिकता दिनु राज्यको दायित्व हो।

भारतीय आँपमा प्रयोग हुने 'कार्बाइड' जस्ता रसायनले मानव स्वास्थ्यमा गम्भीर असर पार्न सक्छन्। कृत्रिम रूपमा पकाइएका फलफूलले पाचन प्रणाली, श्वासप्रश्वास तथा दीर्घकालीन स्वास्थ्य समस्यासमेत निम्त्याउन सक्ने चिकित्सकहरूको चेतावनी छ। त्यसैले उपभोक्तालाई सुरक्षित खाद्य वस्तु उपलब्ध गराउने दृष्टिकोणले पनि आयात प्रतिबन्ध उचित देखिन्छ।

यद्यपि, प्रतिबन्ध घोषणा गर्नु मात्र पर्याप्त हुँदैन। नेपाल-भारत खुला सीमाका कारण तस्करीमार्फत भारतीय आँप भित्रिने सम्भावना उच्च छ। यदि अवैध आयात नियन्त्रण हुन सकेन भने प्रतिबन्धको उद्देश्य नै कमजोर बन्न सक्छ। त्यसैले सीमा नाकाहरूमा निगरानी कडा बनाउनु, क्वारेन्टाइन प्रणालीलाई प्रभावकारी बनाउनु तथा स्थानीय प्रशासनलाई सक्रिय बनाउनु आवश्यक छ।

सरकारले यसअघि भारतीय केरामा 'पनामा विल्ट' रोगको जोखिम देखिएपछि आयात रोकेको थियो। पानी भएको नरिवलमा समेत कीराको जोखिमका कारण प्रतिबन्ध लगाइएको छ। यसले कृषि तथा खाद्य सुरक्षाको विषयमा सरकार केही हदसम्म संवेदनशील बनेको संकेत गर्दछ। तर प्रतिबन्धसँगै किसानलाई प्राविधिक सहयोग, भण्डारण सुविधा, बजार व्यवस्थापन तथा उचित मूल्य सुनिश्चित गर्न सकेन भने स्वदेशी उत्पादनले अपेक्षित लाभ पाउन सक्दैन।

आँप खेती नेपालको कृषि अर्थतन्त्रको महत्वपूर्ण आधार बन्न सक्ने सम्भावना बोकेको क्षेत्र हो। देशभर ५३ हजार हेक्टरभन्दा बढी क्षेत्रमा आँप खेती भइरहेको तथ्यांकले पनि यसको महत्व पुष्टि गर्छ। उत्पादन वृद्धि भएको अवस्थामा किसानले बजार नपाउने र उपभोक्ताले महँगो मूल्य तिर्नुपर्ने अवस्था सिर्जना हुन दिनु हुँदैन। त्यसका लागि उत्पादनदेखि बजारीकरणसम्मको सम्पूर्ण शृङ्खलालाई व्यवस्थित बनाउनु जरुरी छ।

भारतीय आँप आयात प्रतिबन्धलाई केवल निषेधको रूपमा होइन, स्वदेशी कृषि प्रवर्द्धनको अवसरका रूपमा लिनुपर्छ। किसानको उत्पादन सुरक्षित हुने, उपभोक्ताले स्वस्थ फलफूल पाउने र देशको कृषि अर्थतन्त्र बलियो बन्ने लक्ष्य हासिल गर्न सरकार, किसान, व्यापारी तथा उपभोक्ता सबैको साझा जिम्मेवारी आवश्यक छ। प्रतिबन्धको वास्तविक सफलता सीमामा नियन्त्रण, बजारको अनुगमन र स्वदेशी उत्पादनको प्रभावकारी संरक्षणमा निर्भर रहनेछ।

# सञ्चारकर्मीले प्रविधिसँग जुध्दै व्यावसायिक नैतिकता कसरी जोगाउने ?



धर्मेन्द्र झा

प्रविधिको विकाससँगै सञ्चारकर्म पनि प्रभावित हुन पुगेको वर्तमान युगमा पत्रकारिता पनि परिवर्तनबाट अछुतो छैन। यो यथार्थलाई सञ्चारसँग सम्बन्धित व्यक्ति र निकायले जतिसक्दो छिटो स्वीकार गरेर तदनुकूलको रणनीति अख्तियार गर्छन्, पत्रकारिता त्यति नै प्रभावकारी हुने निश्चित छ।

आज सञ्चारकर्म इतिहासकै सबैभन्दा गतिशील र चुनौतीपूर्ण मोडमा उभिएको छ। हिजो सञ्चारमाध्यम सीमित र नियन्त्रित थिए, आज सूचनाको बाढी छ। हिजो समाचार खोजिन्थ्यो, आज समाचार आमव्यक्तिलाई खोज्दै मोबाइलको स्क्रिनसम्म आइपुग्ने अवस्थाको निर्माण भएको छ। यस आधारमा भन्न सकिन्छ- आजको अवस्थामा सर्वाधिक महत्त्वपूर्ण तरिकाले स्वीकार गरिनुपर्ने कुरा के हो भने सञ्चारकर्मको परिवेश बदलिंदो छ।

वर्तमान परिप्रेक्ष्यमा यो वास्तविकतालाई स्वीकार नगर्ने हो भने सञ्चारकर्ममा संलग्नहरूले प्रभावकारी रूपमा कार्यसम्पादन गर्न कठिन हुनसक्छ। सम्बद्ध पक्षले के हेक्का राख्नु जरूरी छ भने वर्तमान समयमा प्रविधिका कारण पाठक, दर्शक/श्रोताको बानी र सामग्री प्रस्तुतीकरणमा युगान्तकारी परिवर्तन आएको छ र सञ्चारकर्मीले त्यो परिवर्तनलाई आत्मसात् गर्नु अपरिहार्य छ।

अवस्था त कहाँसम्म छ भने नयाँ परिवेशमा समग्र पत्रकारिता र समाचारकै परिभाषा र प्रकृतिमै पनि परिवर्तन आएको हो कि भन्ने भान पर्न सक्छ। पत्रकारिता र समाचारको मूल मान्यताका सन्दर्भमा परिवर्तनलाई अस्वीकार गर्ने हो भने पनि शैली र स्वरूपमा आएको परिवर्तनलाई अस्वीकार गर्न मिल्दैन। केही त माध्यममा आएको परिवर्तनका कारण पनि पत्रकारिता, समाचार र समग्रमा सञ्चारकर्म प्रभावित हुन पुगेको यथार्थ हाम्रासामु छ।

प्रविधिको नयाँ लहरका कारण डिजिटल रूपान्तरणको अवस्था सिर्जना भएको छ। यसबाट सबैभन्दा बढी प्रभावित हुन पुगेका छन्, परम्परागत मिडिया। छापा, रेडियो र टेलिभिजन जस्ता परम्परावादी मिडिया डिजिटलमा फड्को मार्न बाध्य भएका छन्। यो बाध्यात्मक अवस्थाका कारण पत्रकारिताको विगतको अभ्यास प्रभावित हुन पुगेको छ।

अहिले एउटै मोबाइलमा संसार छ भन्ने मान्यताको विकास भएको छ। केही हदसम्म यो मान्यता सही पनि हो। हिजोको दिनमा समाचार माथि मिडियाको नियन्त्रण हुन्थ्यो/थियो। एउटा समाचारका लागि भोलिपल्टको पत्रिका वा निश्चित समयको समाचार बुलेटिन कुर्नुपर्थ्यो। आज त्यस मान्यतामा परिवर्तन आएको छ। आज रियल-टाइम (तत्काल) अपडेट (अद्यावधिक) मोबाइलको स्क्रिनमै आइपुग्छ।

प्रविधिमा आएको परिवर्तनका कारण छापा माध्यम (पत्रिका), रेडियो र टेलिभिजनको एकाधिकार सकिएर अहिले अनलाइन पोर्टल, पोडकास्ट र सामाजिक सञ्जाल (फेसबुक, युट्युब, टिकटक) सञ्चारका मुख्य माध्यम बनेका छन्। निश्चय नै यो अवस्थाले एकातिर सूचनामाथिको परम्परागत नियन्त्रणकारी अवस्थाको अन्त्य भएको तर सूचनाको प्रवाह अनियन्त्रित हुन पुगेको छ।

अर्कोतिर आमव्यक्तिका हातमा सञ्चारमाध्यम पुग्दा नागरिक पत्रकारितालाई बल त पुगेको छ तर सँगसँगै द्रुत सूचना सम्प्रेषण मान्यताको विकासको उपस्थितिमा सूचनाको पुष्टि र पुनर्पुष्टिको प्रक्रिया प्रभावित हुन पुगेको छ भन्दा अस्वाभाविक हुँदैन। कतिपय सन्दर्भमा त पाठक, श्रोता र दर्शकमाझ छिटो पुग्ने लोभ संवरण गर्न नसक्दा समाचार सम्पादनको प्रक्रियालाई पनि पूर्णतः अनुसरण गर्न सकिएको पाइँदैन।

यस पृष्ठभूमिको उपस्थितिमा विश्वसनीय सञ्चारकर्मको अवधारणा नै सङ्कटग्रस्त हुन पुगेको छ, जो अत्यन्त स्वाभाविक छ। यसै महिनाको प्रारम्भमा जनकपुरमा आयोजित साहित्य महोत्सवमा यसै विषयको सेरोफेरोमा छलफल भएको स्मरणीय छ।

पछिल्लो समयमा सूचनाग्राहीकै पहिचानमा पनि परिवर्तन आएको छ भन्दा असङ्गत ठहर्दैन। केही समयअघिसम्म 'सूचना सबैका लागि' भन्ने मान्यताका आधारमा परम्परावादी मिडियाहरू सञ्चारकर्म र सूचना सम्प्रेषण गर्थे। पछिल्लो समयमा विगतको मान्यतामा थोरै परिवर्तन आयो र 'जसले उपयोग गर्छ, सूचना उसैका लागि हो' भन्ने अवधारणाको विकास भयो।

अर्थात् सूचनाको सम्बन्ध आवश्यकताकेन्द्रित उपभोग्य सामग्रीसँग जोडियो। अर्थात् सूचना अब वस्तुमा परिवर्तन भयो र सूचनाको उपयोगितावादी मान्यतालाई आत्मसात् गरेर 'कर्पोरेट मिडिया' सूचना-वस्तु बिक्री गर्न बजारमा दह्रो ढङ्गले उपस्थित भए।

वर्तमानमा एकपटक पुनः मान्यतामा परिवर्तन आउन खोजेको जस्तो देखिंदैछ। हिजोका सूचनाग्राहीहरू आजको दिनमा अब 'उपभोक्ता' बाट 'उत्पादक' मा परिवर्तन भइरहेका छन्। विगतमा जनता सूचनाका केवल 'उपभोक्ता' थिए। आज प्रविधिले फड्को मारेको बेलामा नागरिक पत्रकारिताको अस्तित्वलाई अस्वीकार गर्न सकिने अवस्था छैन।

यसले लोकतन्त्रमा सूचनाको पहुँच र महत्त्वलाई प्रमाणित गर्छ। स्मार्टफोन र इन्टरनेटको पहुँचले गर्दा प्रत्येक नागरिक आफैंमा एक 'प्रकाशक' वा 'पत्रकार' बनेका छन्। यस परिस्थितिमा के भन्न सकिन्छ भने नागरिक पत्रकारिताले सूचना प्रवाहलाई लोकतान्त्रिक त बनाएको छ, तर सँगसँगै चुनौती पनि थपेको छ।

माथि पनि थोरै चर्चा गरियो, वर्तमानमा पत्रकारिताले विश्वसनीयताको सङ्कट बेहोर्न बाध्य हुनुपरेको छ। सूचना प्रवाहमा तीव्रताको उपस्थितिमा सम्पादकीय प्रक्रियाको पूर्णतः अनुसरण हुन नसक्दा समस्या उत्पन्न हुन पुगेको छ। आजको अवस्थामा सम्पादकीय प्रक्रियाको अर्थ र महत्त्व बुझेको व्यावसायिक पत्रकार र सम्पादकीय प्रक्रिया अनुसरणभन्दा तीव्र समाचार सम्प्रेषणलाई महत्त्व दिने नागरिक पत्रकार बीचको सङ्घर्षमा पत्रकारिताको मूल्य-मान्यता प्रभावित हुन पुगेको यथार्थलाई अस्वीकार गर्न सकिंदैन।

अल्गोरिदमको खेल अर्को समस्याका रूपमा उपस्थित भएको छ। आज सञ्चारमाध्यमलाई सत्यताभन्दा पनि 'भ्युज, लाइक्स र भाइरल' हुने होडबाजीले डोऱ्याइरहेको देखिन्छ। 'फेक न्युज' का कारण विश्वसनीयताको सङ्कटले क्रमशः आकार बढाइरहेको छ। 'फेक न्युज' र एआईद्वारा निर्मित 'डिपफेक' सामग्रीहरूले गर्दा कुन सत्य हो र कुन भ्रम हो भनेर छुट्याउन गाह्रो पर्ने अवस्थाको सिर्जना भएको छ।

यस्तो बेला सञ्चारकर्मीको मुख्य चुनौती नै आफ्नो विश्वसनीयता जोगाउनु हो। सारमा भन्ने हो भने, सञ्चार प्रविधिमा भएको विकासले पत्रकारिताको मूल आधार मानिने विश्वसनीयता नै सङ्कटग्रस्त बन्न पुगेको छ। विमति हुन सक्दैन, यसबाट जोगिएर आमव्यक्तिलाई शुद्ध र आवश्यक सूचना पस्किने दायित्व सञ्चारकर्मीकै हो।

यो चुनौतीको सामना गर्न अहिलेको परिवेशमा केवल लेख्न वा बोल्न जान्ने सञ्चारकर्मी मात्र टिकिरहन सक्दैन। आजको सञ्चारकर्मी 'मल्टिटास्किङ' हुनुपर्छ। पुराना पुस्ताकाले नयाँसँग प्रतिस्पर्धा गर्ने आँट राख्नुपर्छ। आजको सञ्चारकर्मीलाई डकुमेन्ट्री खिच्न, भिडियो सम्पादन गर्न, सामाजिक सञ्जाल व्यवस्थापन गर्न र एआई टुल्सको सही प्रयोग गर्न आउनु जरूरी छ।

वर्तमान समयमा समाचार लेखन, उद्घोषण र तथ्याङ्क विश्लेषणमा एआईको प्रयोग बढ्दो छ। यसले सञ्चारकर्मलाई छिटो त बनाएको छ, तर मानवीय संवेदना, नैतिकता र पत्रकारिताको मर्ममाथि प्रश्न पनि तेर्स्याएको छ।

पत्रकारिताको शैली, तरिका र प्रक्रियामा परिवर्तन आउन सक्छ/आउँछ। तर पत्रकारिता भने मर्दैन। यो निरन्तर रहिनै रहन्छ। जुनसुकै एआईले पनि पत्रकारितालाई प्रतिस्थापन गर्न सक्दैन। समाजमा खोजी समाचार र मानवीय संवेदनाको अध्ययन विश्लेषणको जहिलेसम्म महत्त्व रहन्छ, त्यस बेलासम्म पत्रकार र पत्रकारिताको अस्तित्व पनि कायम रहन्छ। परिवेश जतिसुकै बदलियोस्, प्रविधि जतिसुकै आधुनिक होस्, सञ्चारकर्मको मूल मर्म भनेको सत्य, तथ्य, निष्पक्षता र विश्वसनीयता नै हो। प्रविधिलाई आफ्नो अनुकूल प्रयोग गरेर व्यावसायिक नैतिकतालाई जोगाइराख्नु नै आजको मुख्य चुनौती भएको कुरामा शङ्का छैन ।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# गर्मीमा सातु खानु किन उत्तम मानिन्छ ?



सातु नेपालको एक चर्चित परम्परागत आहार हो । सातुसँग जोडिएका विभिन्न कथा, किस्साहरू हाम्रो समाजमा प्रचलित छन् । यसले पनि अनुमान गर्न सकिन्छ कि सातु पूर्वीय सभ्यताको निकै पुरानो खानेकुरा हो । मकै, जौ, गहुँ, भटमास, चना जस्ता गेडागुडीलाई भुटेपछि यसलाई पिसेर सातु बनाइन्छ । आफ्नो रूचिअनुसार सातुमा अन्य गेडागुडी पनि मिसाउन सकिन्छ । यसमा थप स्वाद भर्नका लागि चिनी, सख्खर आदि पनि मिसाउने गरिन्छ ।

यसरी बनाएको सातुलाई दूध, दही तथा मोहीसँग खाँदा स्वादिलो हुन्छ । नेपालमा अक्षय तृतीयाको दिन सातु र सर्वत बाँड्ने परम्परा नै छ ।

विशेष गरी गर्मीको मौसममा सातुको सेवनलाई सर्वोत्तम मानिन्छ । यो सजिलै पच्ने, शीतल र ऊर्जादायी हुन्छ । गर्मीमा शरीरलाई चिसो राख्न, डिहाइड्रेशन रोक्न र आवश्यक पोषण दिन सातु उत्तम विकल्प हो ।

अहिले भन्दा एक दुई पुस्ता अघिका व्यक्तिले कतै यात्रामा जाँदा सातु बोकेर लैजाने गरेका थिए । बोकेर हिँड्न सजिलो हुने, लामो समयसम्म नबिग्रिने भएकाले भोक मेट्न र शरीरलाई आवश्यक ऊर्जा प्राप्त गर्न यो राम्रो विकल्प हुन्थ्यो ।

आधुनिक समयमा सन्तुलित आहारका लागि बिहानै चना तथा जौको सातु सेवन गर्ने चलन धेरै छ ।

*सातुमा हुने पोषण तत्व*

सातु पौष्टिक तत्त्वले भरिपूर्ण हुन्छ । सन्तुलित रूपमा गेडागुडी मिलाएर बनाइएको सातु सबैभन्दा राम्रो हुन्छ । १०० ग्राम सातुमा औसत २०-२६ ग्राम प्रोटिन, ६०-६५ ग्राम कार्बोहाइड्रेट, ९-१८ ग्राम फाइबर, ५-७ ग्राम फ्याट, ३८०-४१३ किलो क्यालोरी ऊर्जा पाइन्छ । यसमा क्याल्सियम (१५०-३८० मिलिग्राम), म्याग्नेसियम (१८०-२७० मिलिग्राम), आइरन (८-९ मिलिग्राम), पोटासियम ( ८२५-९०० मिलिग्राम) जस्ता खनिज प्रशस्त छन्।

यो प्रोटिनको राम्रो स्रोत हो, जसले मांसपेशी निर्माण र शरीरको मर्मत गर्छ। उच्च फाइबरले पाचन सुधार्छ र लामो समयसम्म पेट भरिएको अनुभूति दिन्छ । कम ग्लाइसेमिक इन्डेक्स (३०-३५) भएकाले रक्तशर्करा नियन्त्रणमा राख्छ, जुन गर्मीमा मधुमेह भएकाहरूका लागि फाइदाजनक छ।

*शीतलता दिन्*

आयुर्वेद अनुसार सातु शीतल (शीतल) गुण भएको खाद्य हो । गर्मीको समयमा शरीरमा तापक्रम बढ्दा पित्त दोष हुन्छ । सातुले पित्त दोषलाई कम गर्नु कुरा आयुर्वेदमा उल्लेख छ । सातुलाई पानीमा मिसाएर पिउँदा शरीरको आन्तरिक तापक्रम घटाउँछ र गर्मीबाट हुने असजिलो जस्तैः जलन, थकान, टाउको दुखाइ) कम गर्छ।

गर्मीमा हामी धेरै पसिना बगाउँछौं, जसले शरीरबाट पानी र खनिज बाहिरिन्छ । सातुले प्राकृतिक रूपमा हाइड्रेशन कायम राख्छ । यसमा भएको पोटासियम र म्याग्नेसियमले पसिनासँग गुमेको नुन र खनिज पूर्ति गर्छ । नतिजास्वरूप हिट स्ट्रोक वा सनस्ट्रोकको जोखिम घट्छ । धेरै अध्ययन र परम्परागत ज्ञानले सातुलाई गर्मीको प्राकृतिक कूलर मानेका छन् ।

*ऊर्जा र थकान नियन्त्रण गर्छ*

गर्मीमा शरीरको मेटाबोलिजम बढ्छ तर भोक कम लाग्छ । फलस्वरूप ऊर्जाको कमी हुन्छ । सातुले सजिलै पच्ने कार्बोहाइड्रेट र प्रोटिनबाट स्थिर ऊर्जा दिन्छ । चिनीयुक्त पेय पिउँदा जस्तो तत्काल ऊर्जा आएर फेरि थकान हुँदैन । यसले दिनभरि सक्रिय राख्छ । कडा परिश्रम गर्ने व्यक्तिले सर्बत तथा मोही, दहीसँग सातु पिउँदा थकान कम भएको महसुस गर्छन् ।

*पाचन प्रक्रियामा सहयोगी*

गर्मीमा पाचन प्रक्रिया ढिलो हुन्छ, एसिडिटी र कब्जियत बढ्छ । सातुको उच्च फाइबरले आँत सफा गर्छ र राम्रो ब्याक्टेरिया बढाउँछ । यो हल्का हुन्छ, त्यसैले भारी महसुस हुँदैन । आयुर्वेदमा यसलाई लघु (हल्का) र पाचन सुधार्ने गुण भएको मानिन्छ ।

*तौल नियन्त्रण*

सातुले तौल नियन्त्रणमा मद्दत गर्छ किनकि यसले कम क्यालोरीमा धेरै पोषण दिन्छ र लामो समय भोक लाग्दैन । सातुको सेवनले हामीलाई अनावश्यक प्रशोधित खानेकुरा खानुपर्ने अवस्थाबाट जोगाउँछ ।

यसबाहेक रक्तअल्पता (आइरनको कमी), हड्डीको स्वास्थ्य (क्याल्सियम) र मुटुको स्वास्थ्यलाई पनि फाइदा पुऱ्याउँछ।

सातु सामान्यतया सुरक्षित छ तर अत्यधिक खाँदा पेट फुल्न सक्छ । पर्याप्त पानी पिउनुपर्छ । पाचन क्षमता कमजोर भएका व्यक्तिले कम मात्रामा सेवन गर्नुपर्छ ।

# अत्यधिक गर्मीले जनजीवन प्रभावित



दैनिक समाचारदाता

सप्तरी, २० जेठ । सप्तरीमा एक सातायता बढेको अत्यधिक गर्मीका कारण जनजीवन कष्टकर बनेको छ। चर्को घाम र तातो हावाले दैनिक जनजीवन प्रभावित हुनुका साथै अस्पतालहरूमा बिरामीको चापसमेत बढेको छ।

सधैँजसो भिडभाड रहने राजविराज बजारमा सर्वसाधारणको आवतजावत उल्लेख्य रूपमा घटेको छ। बिहानैदेखि चर्को घाम र तातो हावा चल्न थालेपछि मानिसहरू अत्यावश्यक कामबाहेक घरबाट बाहिर निस्कन छाडेका छन्।

गजेन्द्रनारायण सिंह अस्पतालका आकस्मिक कक्ष इन्चार्ज डा. जितेन्द्र कडेलका अनुसार अत्यधिक गर्मीका कारण टाउको दुख्ने, रिङ्गटा लाग्ने, उच्च ज्वरो आउने, बान्ता हुने, झाडापखाला, रुघाखोकी तथा सर्पदंशका बिरामीको सङ्ख्या बढ्दै गएको छ। पछिल्लो २४ घण्टामा मात्रै ७९ जनाले आकस्मिक कक्षमा उपचार गराएको उहाँले जानकारी दिनुभयो।

डा. कडेलका अनुसार पछिल्लो एक सातादेखि बिरामीको चाप बढ्दै गए पनि पछिल्ला दुई दिनमा अवस्था झन् जटिल बनेको छ। बिरामीको अत्यधिक चापका कारण अस्पतालमा उपचार व्यवस्थापन गर्न कठिनाइ भइरहेको छ। शय्याको अभाव भएपछि कतिपय बिरामी भुइँमै बसेर उपचार गराउन बाध्य भएका छन्।

अस्पतालमा उपचारका लागि आएका बिरामी र तिनका आफन्तले आधारभूत सेवासमेत सहज रूपमा पाउन नसकेको गुनासो गरेका छन्। बिरामीका आफन्त दिलिप चौधरीले अस्पतालमा पर्याप्त व्यवस्थापन नहुँदा सेवाग्राहीले सास्ती भोग्नुपरेको बताउनुभयो।

गर्मीका कारण सर्वसाधारणको दैनिकीसमेत प्रभावित भएको छ। तापक्रम ४० डिग्री सेल्सियसको हाराहारीमा पुगेपछि बाहिर निस्कन र दैनिक कामकाज गर्न कठिन भएको स्थानीय रमेश यादवले बताउनुभयो।

चर्को गर्मीका कारण जिल्लाका सामुदायिक तथा निजी विद्यालयहरूले बिहानको समयमा कक्षा सञ्चालन गर्न थालेका छन्। अत्यावश्यक कामबाहेक घरबाहिर निस्कने अवस्था नरहेको राजविराज-५ की विजेता देवले बताउनुभयो। गर्मी बढेसँगै सरकारी तथा गैरसरकारी कार्यालयहरूमा सेवाग्राहीको उपस्थिति पनि घट्दै गएको स्थानीयको भनाइ छ।

दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्ने मजदुरहरू सबैभन्दा बढी प्रभावित बनेका छन्। ७० वर्षीय मजदुर सुला यादवले चर्को घाममा काम गर्न नसक्दा दैनिक गुजारा चलाउनसमेत समस्या भइरहेको बताउनुभयो।

# नेपालको नयाँ सरकारसँग सहकार्य गर्न उत्सुक छौं : भारतका प्रधानमन्त्री मोदी

दैनिक समाचारदाता

काठमाडौं, २० जेठ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी ले नेपालको नयाँ सरकारसँग सहकार्य गर्न भारत उत्सुक रहेको बताएका छन्। भारतको राजधानी नयाँदिल्लीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने सँग भएको भेटवार्ताका क्रममा उनले नेपाल भारतको प्राथमिकतामा रहेको साझेदार मुलुक भएको उल्लेख गरेका हुन्।

भेटवार्तापछि सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै प्रधानमन्त्री मोदीले नेपालको महत्वलाई पुनः स्मरण गराउँदै 'छिमेकी पहिलो' नीतिअन्तर्गत नेपाललाई प्राथमिक साझेदारका रूपमा लिइएको बताएका छन्। उनले नेपाल र भारतबीचको विशिष्ट तथा बहुआयामिक सम्बन्धलाई थप सुदृढ बनाउन नयाँ सरकारसँग मिलेर काम गर्न भारत तयार रहेको उल्लेख गरेका छन्।

प्रधानमन्त्री मोदीले सभापति लामिछानेसँगको भेटप्रति खुशी व्यक्त गर्दै साझा समृद्धि र उज्ज्वल भविष्यका लागि सहकार्य गर्ने लामिछानेको चाहनालाई स्वागत गरेका छन्। उनले उक्त सोचप्रति आफू पूर्ण रूपमा सहमत रहेको समेत जनाएका छन्।

नयाँदिल्लीमा भएको भेटवार्तामा भारतीय पक्षबाट विदेशमन्त्री एस. जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, विदेश सचिव विक्रम मिश्री लगायत उच्च अधिकारीहरूको उपस्थिति रहेको थियो। नेपाली प्रतिनिधिमण्डलमा सभापति लामिछानेसँगै उनकी पत्नी निकिता पौडेल, रास्वपाका सहमहामन्त्री तथा सांसद विपिन आचार्य, सचिवालय सदस्य दीपक बोहरा र स्वकीय सचिव प्रदीप आचार्य सहभागी थिए। भेटवार्तामा भारतका लागि नेपालका कार्यवाहक राजदूत सुरेन्द्र थापाको पनि उपस्थिति रहेको थियो।

भाजपाको निमन्त्रणामा पाँचदिने भारत भ्रमणमा रहेका लामिछानेले यसअघि भारतीय विदेशमन्त्री जयशंकर तथा गृहमन्त्री अमित शाह सँग समेत भेटवार्ता गरेका थिए। नेपाल-भारत सम्बन्ध र राजनीतिक संवादका दृष्टिले यस भ्रमणलाई महत्वका साथ हेरिएको छ।

## मोदीसँग.....

भेटवार्तामा नेपाल-भारत सम्बन्ध, लोकतान्त्रिक अभ्यास, सुरक्षा सहकार्य तथा राजनीतिक दलहरूबीचको संवादका विषयमा छलफल भएको जनाइएको छ।

भाजपाको निमन्त्रणामा पाँचदिने भारत भ्रमणमा रहेका लामिछानेलाई नयाँदिल्लीस्थित भाजपा मुख्यालयमा भव्य स्वागत गरिएको थियो।

जेठ १८ गते सुरु भएको भ्रमणमा लामिछानेसँगै उनकी पत्नी निकिता पौडेल, रास्वपाका सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य विपीनकुमार आचार्य, प्रतिनिधिसभा सदस्य दीपक बोहरा तथा स्वकीय सचिव प्रदीप आचार्य सहभागी छन्।

# मधेशमा मन्त्रालय संख्या घटाउन कार्यदल गठन

दैनिक समाचारदाता

जनकपुरधाम २० जेठ । मधेश सरकारले मन्त्रालयहरूको संख्या घटाउन कार्यदल बनाएको छ । मधेशका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्य कार्यदल गठन भएको छ ।

मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले कार्यदल गठन गर्ने निर्णय गरेको हो ।

कार्यदलको सदस्यमा मुख्यमन्त्री कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका




सचिव होमनाथ पौडेल रहेका छन् ।

सत्ता समीकरण फेरिएपछि सत्ता घटक तीन दलबीच भएको १५ बुँदे सहमतिमा मन्त्रालयको संख्या घटनाउने उल्लेख थियो ।

अहिले मधेशमा मुख्यमन्त्री कार्यालयसहित १२ मन्त्रालय छ । ९ मन्त्रालयमा सीमित गर्ने सहमति तीन दलबीच छ ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# डाँका समूहको गोली प्रहारबाट दम्पती घाइते

दैनिक समाचारदाता

महोत्तरी, २० जेठ । महोत्तरीको सोनमा गाउँपालिकामा गएराति डाँका समूहको आक्रमणमा परेर एक दम्पती घाइते भएका छन् । कुटपिट र गोली प्रहारबाट घाइते भएका दुवै जनाको जनकपुरमा उपचार भइरहेको छ ।

सोनमा गाउँपालिका-३ खखनाका २७ वर्षीय ईश्वरनारायण यादव र उनकी २२ वर्षीया पत्नी किरण यादव डाँका समूहको आक्रमणमा घाइते भएका हुन्। ईश्वरनारायण सम्सी गाउँपालिकामा जनस्वास्थ्य अधिकृत (सातौं तह) का रूपमा कार्यरत छन् ।

घाइते यादवका अनुसार रातिको समयमा अनुहार छोपेका ६-७ जनाको समूह घरभित्र प्रवेश गरी एक्कासि उनीहरूमाथि आक्रमण गरेको थियो। डाँकाहरूले उनका आँखा, हात र खुट्टा बाँधेर निर्घात कुटपिट गर्नुका साथै गोली प्रहार गरेका थिए ।



यादवले डाँकाहरूले मैथिली भाषामा धम्की दिँदै गोली चलाएको बताए। श्रीमानलाई बचाउन खोज्दा उनकी पत्नी किरणमाथि पनि कुटपिट गरिएको र भाग्न खोज्दा गोली प्रहार गरिएको उनको भनाइ छ ।

प्रहरीका अनुसार ईश्वरनारायणको काँध नजिक तथा किरणको घुँडामा गोली लागेको छ। गोली प्रहारपछि पनि आक्रमणकारीहरूले कुटपिट जारी राखेको पीडितको भनाइ छ। उनले घटनाको उद्देश्य केवल डकैती नभई ज्यानै लिने प्रयासजस्तो देखिएको बताए ।

गोली चलेको आवाज सुनेपछि स्थानीय बासिन्दा जागा भई घटनास्थलतर्फ आउन थालेपछि डाँका समूह फरार भएको जनाइएको छ। त्यसपछि स्थानीयवासीले घाइते दम्पतीलाई उद्धार गरी रामगोपालपुरस्थित जानकी एकेडेमिक अस्पतालमा प्राथमिक उपचार गराएका थिए। थप उपचारका लागि उनीहरूलाई जनकपुरस्थित अस्पतालमा लगिएको छ । चिकित्सकका अनुसार दुवैको अवस्था हाल स्थिर छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले प्रारम्भिक अनुसन्धानबाट डकैती गर्ने उद्देश्यले घरमा प्रवेश गरेको समूहले प्रतिकार भएपछि गोली चलाएको देखिएको बताए। घटनास्थलमा दराज, बाकस तथा अन्य सामग्री फुटाइएको र घरका सामान छरपस्ट अवस्थामा भेटिएको उनले जानकारी दिए ।

प्रहरीका अनुसार घाइते दम्पतीका केही सुनका गरगहना तथा अन्य सामग्रीसमेत लुटिएको आशंका गरिएको छ। घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

यता स्थानीयवासीले घटनास्थल नजिकै नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षा चौकी हुँदाहुँदै पनि सूचना पाएपछि प्रहरी ढिला पुगेको आरोप लगाएका छन्। प्रहरीले भने घटनाको सबै पक्षबाट अनुसन्धान भइरहेको जनाएको छ ।

# शीतल निवासका हात्तीका दाह्रा चोरीमा पाँच पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, २० जेठ । राष्ट्रपति कार्यालय शीतल निवासबाट चोरी भएका हात्तीका दाह्रासहित पाँच जना पक्राउ परेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले मंगलबार उनीहरूलाई सार्वजनिक गर्दै घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

पक्राउ पर्नेहरूमा काठमाडौंको तार्केश्वर नगरपालिका-९ मनमैजुका २५ वर्षीय राजिव महर्जन, गोरखाको धार्चे गाउँपालिका-४ लाप्राक घर भई मनमैजु बस्दै आएका २६ वर्षीय टेकप्रसाद गुरुङ, काठमाडौं महानगरपालिका-१७ का २७ वर्षीय आयुष महर्जन, बैतडीको डिलासैनी गाउँपालिका-३ घर भई टोखा नगरपालिका-२ सपनतिर्थ बस्ने २४ वर्षीय पुरन बोहरा तथा गोरखाको अजिरकोट गाउँपालिका-४ घर भई मनमैजु



बस्ने २० वर्षीय सन्तबहादुर भुजेल रहेका छन्।

अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी शरद थापाका अनुसार मनमैजु क्षेत्रमा हात्तीका दाह्रा बिक्री-वितरण हुन लागेको सूचनाका आधारमा खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो।

अनुसन्धानका क्रममा राजिव महर्जनको घर नजिकैको खाली जग्गामा हात्तीका दाह्रा टुर्क्याएर गाडेर राखिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। राजिवको घरबाट दुई टुक्रा हात्तीका दाह्रा तथा १५० ट्याब्लेट ट्रामाडोल समेत बरामद गरिएको छ।

पक्राउ परेकामाथि गरिएको सोधपुछपछि पुरन बोहरा र सन्तबहादुर भुजेलको समेत संलग्नता खुलेको थियो। त्यसपछि प्रहरीले सन्तबहादुरको कोठाबाट थप दुई टुक्रा हात्तीका दाह्रा बरामद गरेको जनाएको छ।

प्रहरीका अनुसार बरामद भएका दाह्रा राष्ट्रपति कार्यालय शीतल निवासबाट चोरी भएका हुन्। गत भदौ २३ र २४ गते भएको जनआन्दोलनका क्रममा प्रदर्शनकारीले शीतल निवासमा तोडफोड तथा आगजनी गरेका बेला भित्तामा सजाइएका दुई थान हात्तीका दाह्रा हराएका थिए।

घटनाको करिब नौ महिनापछि प्रहरीले चोरी भएका दाह्रासहित पाँच जनालाई पक्राउ गर्न सफल भएको हो। पक्राउ परेकामाथि लागुऔषधसम्बन्धी कसुर तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनअन्तर्गत मुद्दा चलाउने तयारी भइरहेको प्रहरीले जनाएको छ।

# चोरीका ४२ मोबाइलसहित चार पक्राउ



दैनिक समाचारदाता

काठमाडौं, २० जेठ । चोरीका तथा भन्सार छली गरी ल्याइएका मोबाइल किनबेचमा संलग्न रहेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ।

प्रहरी वृत्त गौशालाको टोलीले ४२ थान मोबाइलसहित चार जनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेहरूमा रौतहटको गौर नगरपालिका-६ निवासी २० वर्षीय रवीन्द्र पासवान, काठमाडौंको चाबहिल बस्ने २५ वर्षीय सुजन बस्नेत, धादिङको धुनीबेंसी नगरपालिका-६ का ३३ वर्षीय जनक लामा र सप्तरीको धनगढी नगरपालिका-१ निवासी ३२ वर्षीय प्रमोद शाह रहेका छन्।

प्रहरीका अनुसार पासवान र बस्नेत मोबाइल चोरीमा संलग्न थिए। लामा चोरीका मोबाइल खरिद-बिक्री गर्ने मोबाइल पसल सञ्चालक हुन् भने शाह भन्सार छली गरी ल्याइएका मोबाइलको लक खोल्ने काममा संलग्न रहेको खुलेको छ।

गत जेठ १७ गते बिहान चाबहिल क्षेत्रबाट प्रहरीले पासवानलाई पक्राउ गरेको थियो। उनको साथबाट एक थान आईफोन र एक थान रेड्मी मोबाइल बरामद गरिएको थियो। प्रारम्भिक अनुसन्धानका क्रममा उनले ती मोबाइल बस्नेतबाट प्राप्त गरेको बयान दिएका थिए।

त्यसपछि प्रहरीले सुकेधाराबाट बस्नेतलाई पक्राउ गरेको थियो। उनको साथबाट इनफिनिक्स र ओप्पो ब्राण्डका मोबाइल फेला परेका थिए। थप अनुसन्धानका क्रममा चोरी गरिएका मोबाइल लामालाई बिक्री गर्ने गरेको तथ्य खुलेपछि प्रहरीले लामालाई ३५ थान मोबाइलसहित पक्राउ गरेको हो।

प्रहरीका अनुसार बरामद गरिएका मोबाइल विभिन्न कम्पनीका रहेका छन्। तीमध्ये केही चोरीका तथा केही भन्सार छली गरी भारतबाट ल्याइएका मोबाइल रहेको पाइएको छ। सोही क्रममा लामाको पसलबाट प्रमोद शाहलाई पनि पक्राउ गरिएको थियो।

शाहले भन्सार छली गरी ल्याइएका विभिन्न कम्पनीका मोबाइलको लक खोल्ने गरेको खुलेको प्रहरीले जनाएको छ। प्रहरीले ७ थान त्यस्ता मोबाइलसहित कुल ४२ थान मोबाइल बरामद गरेको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# जेनजी आन्दोलनमा जेलबाट भागेका व्यक्ति पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, २० जेठ । जेनजी आन्दोलनमा कारागारबाट फरार भएका व्यक्ति पक्राउ परेका छन् ।



पक्राउ पर्नेमा रसुवाको आमाछोदिङमो गाउँपालिका-४ का ४५ वर्षीय दावा छिरिङ तामाङ छन् ।

उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको हो ।

उनी मुद्रासम्बन्धी कसुरमा २ वर्षको कैद सजाय भुक्तान गर्दै थिए । सोही क्रममा जेनजी आन्दोलनमा नख्खु कारागारबाट फरार भएका हुन् ।

उनलाई नख्खु कारागार पठाइएको प्रहरीले बताएको छ ।








अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४